# रिब्दीकोट गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
### खस्यौली, पाल्पा
### ५ नं प्रदेश

०७५६२००५५,०७५६९२३०७
Email: info@ribdikotmun.gov.np
website: www.ribdikotmun.gov.np


प.सं.:– ०७५/७६
च.नं.:–

मिति :–२०७५/१२/१२

## प्रेस बिज्ञप्ति

रिब्दीकोट गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको संयुक्त सहभागितामा मिति २०७५।११।२३ देखि २८ सम्म गाउँपालिका एवं नगरपालिकासंग अनुभव आदानप्रदान केन्द्रित भ्रमण गरिएकोमा **कपिलबस्तुको शिवराज नगरपालिका**संग आन्तरिक राजस्वको वढोत्तरी केन्द्रित विषयमा,**कालिकोटको तिलागुफा नगरपालिका** संग बिषम भूगोलका वावजुत गर्ने र गर्न सकिने पूर्वाधार केन्द्रित विकास विषयमा ,**जुम्लाको सिंजा गाउँपालिका** संग नेपाली भाषाको उत्पति ,खस आर्य सस्कृतिको तथा ऐतिहासिक पक्षहरुको संरक्षण तथा भगिनी सम्बन्धको सम्भाव्यता सम्बन्धी बिषयमा तथा **दैलेखको लालीगुराँस गाउँपालिका** संग शैक्षिक गुणस्तरीयताका क्षेत्रमा गरेको प्रतिबद्धता तथा कार्यहरुमा आधारित रही अनुभव प्राप्त भयो। साथै ति सबै नगरपालिकाहरु तथा गाउँपालिकाहरुलाई रिब्दीकोटले गरेका मूख्य कार्यहरु **उत्पादनमा आधारित अनुदान** ,**एकल महिलाका समुहिकरण तथा ऋण प्रवाह** ,कोसेली घर संचालन लगायतमा रिब्दीकोटले गरेको प्रयत्नका बिषयमा जानकारी दिने र तत् तत् स्थानीय तहहरुको विज्ञताका क्षेत्रबाट सिक्ने कार्य रहयो उक्त भ्रमणका दौरानमा खर्चमा मितव्ययिता, उच्च संस्कार युक्त सस्कृतिको विकास जनप्रतिनिधी र कर्मचारी बिच गर्ने प्रयत्न गरियो। उक्त भ्रमणका दौरान थारु होमस्टेको अनुभव ,प्राकृतिक स्थलहरु,धार्मिक स्थल अवलोकन चन्दननाथ मन्दीर ठाकुरबाबा मन्दीर दर्शन गरियो। लागत सहभागिता समेत आधारमा यातायात तथा खाना समेत जम्मा खर्च देहाय बमोजिम गरि भ्रमण सम्पन्न भयो।

जम्मा खर्च रु.३,३३,१८५।-
जनप्रतिनिधि तथा कर्मचारी प्रतिव्यक्तिको लागत सहभागिता २,५०० का दरले ५२,५००।-
बाकी (गाउँपालिकाको तर्फबाट ) रु.२,८०,६८५।-

## अनुभव आदानप्रदानका क्रममा भएको उपलब्धी

- जुम्लाको ऐतिहासिक ,सास्कृतिक,खस(आर्य सस्कृति तथा नेपाली भाषाको उद्‌गमस्थल सिंजा उपत्यका सहितको सिंजा गाउँपालिका संग भगिनी सम्बन्धका लागि समझदारी कायम भएको।
- शिक्षाको गुणस्तर सुधारका लागि गाउँपालिकाले मापदण्ड मानकका आधारमा गरेका कार्यको सम्बन्धमा सिक्ने कार्य भयो। ( लालीगुराँस गाउँपालिका दैलेख)
- आन्तरिक आम्दानी वढोत्तरिका लागि गर्न सकिने प्रयत्नका सम्बन्धमा। शिवराज न.पा.,कपिलबस्तु बाट सिक्ने कार्य भयो।
- कठिन भूगोल र बिषमताका बीच गरिने बिकास सम्बन्धमा (तिलागुफा गाउँपालिका कालिकोट बाट सिक्ने कार्य भयो।

१।१२।७५

नारायण बहादुर जि.सी
अध्यक्ष